**१०. जोखिम प्रारम्भ :**

क) बीमा प्रारम्भ भएको मितिले २ वर्ष पछि वा बीमित बालबालिकाको उमेर ६ वर्ष पुरा भएपछि; यी २ घटनामध्ये जुन पछि घट्छ ।

ख) बीमित नाबालकको उमेर ९ वर्षदेखि माथि १२ वर्ष भन्दा कमको हकमा बीमा प्रारम्भ मितिले १ वर्ष पछि ।

ग) बीमित नाबालकको उमेर १२ वर्षदेखि माथिको हकमा बीमा प्रारम्भ मितिदेखि ।

११. प्रस्तावकले बीमा प्रस्ताव गर्दा यस बीमा योजना अन्तर्गत बीमा योग्य सबै बालबच्चाको समान बीमाङ्कको लागी बीमा प्रस्ताव गर्नुपर्नेछ ।

१२. प्रस्तावित बीमाङ्क सहित बच्चा(हरू)को कूल बीमाङ्क रु.५० लाख भन्दा बढी हुन गएमा; कूल बीमाङ्क बराबर हुने गरी प्रस्तावकको समेत जीवन बीमा हुनुपर्नेछ ।

**१३. बीमाशुल्क भुक्तानीको लागि प्रयोग गरिने फ्याक्टरहरू (Factors) :**

| बीमाशुल्क भुक्तानी तरिका | फ्याक्टर |
|---|---|
| वार्षिक | १.००० |
| अर्द्ध बार्षिक | १.०२० |
| त्रैमासिक | १.०३५ |

**१४. रकम भुक्तानी दिइने अवस्था :**

(१) बीमा समाप्ती मितिसम्म बीमित जिवित रहेमा बीमालेखको शर्तहरूको अधिनमा रही उक्त मितिमा बीमाङ्क रकम र नियमानुसारको बोनस एकमुष्ठ भुक्तानी दिइनेछ ।

(२) जोखिम प्रारम्भ हुनु अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरूको अधिनमा रही बीमकले प्राप्त गरेको अतिरिक्त बीमाशुल्क बाहेक सम्पूर्ण बीमाशुल्क फिर्ता दिईनेछ ।

(३) जोखिम प्रारम्भ हुनु अगावै प्रस्तावकको मृत्यु भएमा र बीमितको कानूनी संरक्षकले बीमालेख रद्द गर्न लिखित अनुरोध गरेमा बीमकले प्राप्त गरेको सम्पूर्ण बीमाशुल्क फिर्ता दिईनेछ ।

(४) जोखिम प्रारम्भ भएपछि बीमा अवधी भित्र बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरूको अधिनमा रही बीमाङ्कको २५ (पच्चीस) प्रतिशत रकम तत्काल भुक्तानी गरिनेछ । बीमाङ्कको ७५(पचहत्तर) प्रतिशत रकम र मृत्यु हुँदासम्मको आर्जित बोनश एकमुष्ठ रकम बीमा अवधि समाप्ती भएपछि भुक्तानी दिइनेछ । बीमाङ्कको २५(पच्चीस) प्रतिशत रकम भुक्तानी पश्चात् यस बीमालेख अन्तर्गतको रक्षावरण तुरुन्त अन्त्य हुनेछ ।

**१५. यस योजनामा निम्नानुसार ऐच्छिक सुविधाहरूको व्यवस्था गरिएको छ :**

**१) बीमाशुल्क छुट सुविधा (Premium Waiver Benefit–PWB)**

**२) मासिक आय सुविधा (Monthly Income Benefit–MIB) :**

**३) अग्रिम जोखिम बहन सुविधा (Early Risk Coverage–ERC) :**

यस पूरक करार अन्तर्गत बीमा प्रारम्भ भएको मितिले न्यूनतम २ वर्ष पश्चात बालबालिकाको जोखिम प्रारम्भ गर्न सकिनेछ ।


## एशियन लाईफ इन्स्योरेन्स कं. लि.

एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं

फोन नं. ४५३०२७०, ४५१०११५, फ्याक्स: ४५४२१३८

ईमेल: asianlife@asianlife.com.np

वेभ साइट: www.asianlife.com.np


ASIAN Life Insurance Company

सबैका लागि सधैंका लागि सुरक्षा...



Plan-25

# बाल उच्च शिक्षा

## (अग्रिम भुक्तानी सावधिक)

Plan-26

# बाल भविष्य प्लस

## (सावधिक)

# जीवन बीमा योजना


## एशियन लाईफ इन्स्योरेन्स कं.लि.

एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं

## बाल उच्च शिक्षा (अग्रिम भुक्तानी सावधिक) जीवन बीमा योजनाको विशेषताहरू

### Child Higher Education Plan (Child Money-back Endowment) Plan-25

१. न्यूनतम प्रवेश उमेर : प्रस्तावक १८ वर्ष, बच्चा: ० वर्ष

२. अधिकतम प्रवेश उमेर : प्रस्तावक: ६२ वर्ष ,बच्चा: १३ वर्ष

३. बीमा अवधि : २१-बच्चाको उमेर (२१ बाट बच्चाको उमेर घटाउने)

४. न्यूनतम बीमाङ्क : रु.३,००,०००/-

५. अधिकतम बीमाङ्क : रु. १ करोड ।

६. बीमाशुल्क भुक्तानी अवधि : तल दिइएको i र ii मध्ये जुन कम हुन्छ :
i) २१-बच्चाको उमेर वा,
ii) ७०-प्रस्तावकको उमेर

७. बीमाशुल्क भुक्तानी गर्ने तरिका : वार्षिक, अर्द्धवार्षिक र त्रैमासिक

८. प्रस्तावकले बीमा प्रस्ताव गर्दा यस बीमा योजना अन्तर्गत बीमा योग्य सबै बालबच्चाको समान बीमाङ्कको लागी बीमा प्रस्ताव गर्नुपर्नेछ । अन्य जीवन बीमा कम्पनीहरूमा बीमा गरिसकेको भएमा सो समेतको आधारमा समान बीमाङ्क निर्धारण गर्न सकिनेछ । उदाहरणको लागी; कुनै प्रस्तावकको A भन्ने बच्चाले XYZ जीवन बीमा कम्पनीमा रु.५ लाख बीमाङ्कको बीमा गरेको छ भने निज प्रस्तावकको B भन्ने बच्चाको यस बीमा कम्पनीमा रु.५ लाखको जीवन बीमा गर्न सकिनेछ ।

९. प्रस्तावित बीमाङ्क सहित बच्चा(हरू)को कूल बीमाङ्क रु.५० लाख भन्दा बढी हुन गएमा; कूल बीमाङ्क बराबर हुने गरी प्रस्तावकको समेत जीवन बीमा हुनुपर्नेछ ।

१०. यस योजना अन्तर्गत बीमा गर्दा, प्रस्तावकको जोखिम रक्षावरणको लागि देहाय बमोजिमका २ वटा विकल्पहरू मध्ये कुनै एक विकल्प रोज्नु पर्ने र सोही बमोजिमको बीमाशुल्क दर तालिका प्रयोग गरी लाग्ने बिमाशुल्क गणना गरिनेछ ।

**विकल्प १:** बीमा प्रारम्भ मितिले ४ वर्ष पुगेको वर्ष दिवस भित्र प्रस्तावकको मृत्यु भएमा बीमाङ्क रकम भुक्तानी गरिने ।

**विकल्प २:** बीमाशुल्क भुक्तानी अवधि समाप्ती मिति अगावै प्रस्तावकको मृत्यु भएमा बीमाङ्क रकम भुक्तानी गरिने ।

११. **बीमितको जोखिम प्रारम्भः**

क) बीमित नाबालकको उमेर ८ वर्ष सम्म: बीमा प्रारम्भ मितिले २ वर्ष पछि

ख) बीमित नाबालकको उमेर ९ वर्ष देखिमाथि १२ वर्ष भन्दा कम: बीमा प्रारम्भ मितिले १ वर्ष पछि

ग) बीमित नाबालकको उमेर १२ वर्ष देखिमाथि: बीमा प्रारम्भ मिति

१२. **बीमाशुल्क भुक्तानीको लागी प्रयोग गरिने फ्याक्टरहरू (Factors)**

| बीमाशुल्क भुक्तानी तरिका | फ्याक्टर |
|---|---|
| वार्षिक | १.००० |
| अर्द्ध बार्षिक | १.०२० |
| त्रैमासिक | १.०३५ |

**१३. रकम भुक्तानी दिइने अवस्था :**

यस बीमा योजना अन्तर्गत देहायका अवस्थाहरूमा देहाय बमोजिम भुक्तानी दिइनेछ :

१) प्रस्तावकको मृत्यु भएमा बीमालेखको शर्तहरूको अधिनमा रही प्रस्तावकले रोजेको विकल्प अनुसार बीमाङ्क रकम भुक्तानी गरिनेछ ।

**विकल्प १** : बीमा प्रारम्भ मितिले ४ वर्ष पुगेको वर्ष दिवस भित्र प्रस्तावकको मृत्यु भएमा बीमाङ्क रकम भुक्तानी गरिनेछ ।

**विकल्प २** : बीमाशुल्क भुक्तानी अवधि समाप्ती मिति अगावै प्रस्तावकको मृत्यु भएमा बीमाङ्क रकम भुक्तानी गरिनेछ ।

प्रस्तावकको मृत्यु पश्चात बीमा अवधिभर स्वत: बीमाशुल्क छुट सुविधा (Premium Waiver Benefit) प्रदान गरिनेछ ।

२) देहायको मितिसम्म बीमित बच्चा जीवित रहेमा देहाय बमोजिम भुक्तानी दिइनेछ:

क) बीमित बच्चाको उमेर १६ वर्ष पुरा भएको दिनमा बीमांकको २५ प्रतिशत रकम,

ख) बीमित बच्चाको उमेर १७ वर्ष पुरा भएको दिनमा बीमांकको १५ प्रतिशत रकम,

ग) बीमित बच्चाको उमेर १८ वर्ष पुरा भएको दिनमा बीमांकको २५ प्रतिशत रकम,

घ) बीमित बच्चाको उमेर १९ वर्ष पुरा भएको दिनमा बीमांकको २० प्रतिशत रकम,

ङ) बीमित बच्चाको उमेर २० वर्ष पुरा भएको दिनमा बीमांकको १५ प्रतिशत रकम, र बीमा अवधि समाप्तीमा बीमित बच्चालाई नियमानुसारको बोनश रकम प्रदान गरिनेछ ।

माथिको बुँदा नं. १ र २ दुबै अवस्थामा बोनश रकम गणना गर्दा बीमकले बीमाशुल्क छुट सुविधा प्रदान गरेको अवधिको बोनश गणना गरिने छैन ।

१४. अग्रिम भुक्तानी रकम तोकिएको समय पुरा हुनुभन्दा अगाडी बीमितलाई आवश्यक परी लिन चाहेमा;

i) बीमितले सक्कल बीमालेख सहित लिखितरुपमा बीमक समक्ष निवेदन गरेमा उक्त अग्रिम भुक्तानीको लागी तिर्नुपर्ने सम्पूर्ण बीमाशुल्क किस्ताहरू बिमकलाई प्राप्त भइसकेको रहेछ भने; त्यस्तो अग्रिम भुक्तानी रकम तोकिएको समयभन्दा बढीमा १२ महिना अगावै भुक्तानी गर्न सकिनेछ ।

ii) यसरी भुक्तानी गरिने रकम निर्धारण गर्दा ६ प्रतिशत फ्याक्टर (Factor) प्रयोग गरी बीमितलाई रकम भुक्तानी गरिनेछ ।

१५. जोखिम प्रारम्भ हुनु अगावै बीमितको मृत्यु भएमा; बीमालेखको शर्तहरूको अधिनमा रही बीमकले प्राप्त गरेको अतिरिक्त बीमाशुल्क बाहेक सम्पूर्ण बीमाशुल्क फिर्ता दिईनेछ ।

१६. जोखिम प्रारम्भ भएपछि बीमा अवधीभित्र बीमितको मृत्यु भएमा; बीमालेखको शर्तहरूको अधिनमा रही बीमाङ्कको २५ (पच्चीस) प्रतिशत रकम तत्काल भुक्तानी दिइनेछ । बीमाङ्कको ७५(पचहत्तर) प्रतिशत रकम ब्याज सहित र मृत्यु हुँदासम्मको आर्जित बोनश एकमुष्ठ रकम बीमा अवधि समाप्ती भएपछि भुक्तानी दिइनेछ । बीमाङ्कको २५(पच्चीस) प्रतिशत रकम भुक्तानी पश्चात् यस बीमालेख अन्तर्गतको रक्षावरण तुरुन्त अन्त्य हुनेछ । यसरी रकम भुक्तानी गर्दा अग्रिम भुक्तानी गरिएको रकम कट्टा गरिने छैन ।

१७. यस योजनामा निम्नानुसार ऐच्छिक सुविधाहरूको व्यवस्था गरिएको छ :

क) दुर्घटना मृत्यु लाभ (Accidental Death Benefit–ADB)

ख) वार्षिक शैक्षिक सुविधा (Yearly Educational Benefit–YEB)

## बाल भविष्य प्लस (सावधिक) जीवन बीमा योजनाको विशेषताहरू

### Bal Bhabisya Plus (Child Endowment Plan) Plan 26

१. न्यूनतम प्रवेश उमेर : ० वर्ष

२. अधिकतम प्रवेश उमेर : १७ वर्ष

३. न्यूनत्तम बीमा अवधि : ५ वर्ष

४. अधिकत्तम बीमा अवधि : २५ वर्ष

५. न्यूनत्तम बीमा समाप्ती उमेर : १८ वर्ष

६. अधिकत्तम बीमा समाप्ती उमेर : ३२ वर्ष

७. न्यूनतम बिमाङ्क : रु.५०,०००।-

८. अधिकतम बीमाङ्क : प्रस्तावकको आर्थिक अवस्थाको आधारमा गरिनेछ ।

९. बीमाशुल्क भुक्तानी गर्ने तरिका : वार्षिक, अर्द्धवार्षिक र त्रैमासिक